# टीकापुर नगरपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम

नगरसभा सदस्यज्यूहरु,

टीकापुर नगरपालिकाले तय गरेको "उत्पादनशिल, स्वस्थ, शिक्षित, पूर्वाधारयुक्त, सु-व्यवस्थित पर्यटकीय नगर" को दीर्घकालीन सोच पुरा गर्नेतर्फ प्रतिवद्ध रही सत्रौं नगरसभा समक्ष टीकापुर नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अपार हर्ष एवं गौरव अनुभुति गरिरहेको छु ।

यस ऐतिहासिक घडीमा म सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र, संघीयता प्राप्तिका लागि महान जनयुद्ध तथा जनआन्दोलनमा सहादत प्राप्त गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । टीकापुरलाई इतिहासका विभिन्न मोडहरुमा आफ्नो कुसल नेतृत्व प्रदान गरी अहिलेको अवस्थासम्म ल्याउनुहुने सम्पूर्ण अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दै जनताको अभिमतबाट निर्वाचित स्थानीय सरकारको अभिभारा सम्हालेको प्रथम र दोस्रो वर्षको सिकाइबाट प्रेरणा लिइ जनताको अपेक्षा अनुसार निरन्तर अगाडी बढ्ने प्रतिबद्धता सहित यो निति तथा कार्यक्रम यहाँहरु माझ प्रस्तुत गरी रहेको छु ।

जनउत्तरदायी सरकारको अवधारणा आत्मसात गर्दै सार्वजनिक प्रशासनको कार्य संस्कृतिमा सुधार ल्याई सुशासन कायम गर्न र जवाफदेहीता विहिन स्थिति अन्त्य गर्दै स्थानीय तहको शासन प्रकृया तथा सेवा प्रवाहलाई छिटो छरितो, पारदर्शी, जवाफदेहिता, प्रभावकारी, गुणस्तरीय र सहभागीतामुलक बनाउन हामी दृढ संकल्पित छौ । सोही अनुरुप समय सापेक्ष नीतिगत, संस्थागत व्यवस्था र कानून निर्माण गरी अघि बढीरहेका छौ ।

विभिन्न जातजातीले मनाउने चाँडपर्वहरु, बोलिने भाषाभाषीहरु र मौलिक संस्कृतिहरुले हाम्रो समाजलाई अझ समृद्ध बनाएको छ । यीनै विविधतायुक्त सांस्कृतिक संगमलाइ "अनेकतामा एकता र संस्कृतिमा विविधता" लाई टीकापुरको पहिचान बनाएर अगाडि बढ्नु हाम्रा लागि अपरिहार्य छ । निर्वाचित जनप्रतिनिधिका हैसियतले हामी नगरवासीहरुका चाहाना र भावनाहरुलाई उच्च सम्मान गर्दै मन, वचन र कर्मले सदैव सेवारत रहने प्रतिबद्धता समेत प्रकट गर्दछु ।

सभाका सदस्यज्यूहरू,

चालु आर्थिक वर्ष २०८१/०८२ को लागि स्वीकृत भएका कार्यक्रम तथा योजनाहरु कार्यन्वयनको समीक्षा गर्दा नगर गौरवका आयोजना, नगरस्तरीय र वडास्तरीय पूर्वाधारका अधिकांस योजनाहरु सम्पन्न हुने अवस्थामा छन् । बहुवर्षीय पुर्वाधार आयोजनाहरु कार्यन्वयनमा रहेका छन् । चालु आर्थिक वर्षका लागि पारित नीति तथा कार्यक्रम र विषयगत कार्यक्रमहरुको कार्यन्वयनको अवस्था सन्तोषजनक रहेको छ । चालु आर्थिक वर्ष २०८१/०८२ मा नगरपालिकाले टीकापुर नगरलाइ गुलावको शहरको रुपमा विश्वमा चिनाउन गुलावका बोटहरु रोपण कार्य सुरु भएको सर्वविधितै छ । आगामी आर्थिक वर्षमा टीकापुर नगरलाइ गुलावको शहर निर्माण अभियानलाइ निरन्तरता दिइ प्राथमिकतामा राखिने छ । वर्षौं देखि बन्द अवस्थामा रहेको टीकापुर विमानस्थलबाट विमान उडान गर्न हामी सफल भएका छौ । आगामी आर्थिक बर्षमा टीकापुर विमानस्थलको क्षेत्र विस्तार, रनवेय कालोपत्रे लगायत अन्य संरचना निर्माणका लागि संघ सरकार र प्रदेश सरकार संगको साझेदारी निर्माण कार्य हुने गरि समन्वय भइरहेको अवस्था छ । उज्यालो टीकापुर कार्यक्रम अन्तरगत सडक बत्ती जडान कार्य भइरहेको सर्वविधितै छ साथै आगामी आर्थिक बर्षमा समेत सडक बत्ती जडान कार्यलाइ निरन्तरता दिइनेछ ।

नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नेपाल सरकार र प्रदेश सरकारले गरेका नीतिगत व्यवस्था, नेपालले अन्तराष्ट्रिय स्तरमा व्यक्त गरेका प्रतिबद्धताहरु, यस नगरपालिकाको नगर वृहत योजना, २०७७, महालेखा परिक्षक लगायत विभिन्न प्रतिवेदनमा औल्याईएका विषयहरु र नगरपालिकालाइ जनस्तरबाट समय समयमा प्राप्त सल्लाह सुझावहरु हाम्रा मुख्य मार्गदर्शक आधार रहेका छन् ।

नगरसभा सदस्यज्यूहरु,

अब म यस गरिमामय सभा समक्ष यस नगरपालिकाको क्षेत्रगत नीतिहरु राख्न चाहन्छु ।

क्षेत्रगत नीतिहरु:

[illegible]

१. अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिदै उपलब्ध विभिन्न स्रोत साधनलाई अधिकतम परिचालन गरिनुका साथै आर्थिक विकासमा सार्वजनिक, निजी, गैर सरकारी संघसंस्था, सहकारी संस्थाहरु, कृषि विश्वविद्यालय सँग लागत साझेदारीका क्षेत्रमा लगानीका लागि सशक्त एवं अनुकूल सहयोगी वातावरण सृजना गरिनेछ ।

२. **"समृद्ध टीकापुर, सुखी टीकापुरबासी"** नारालाई व्यवहारमा लयाउनको लागि समावेशी र दिगो स्थानीय आर्थिक विकासका लागि पहिचान गरिएका प्रमुख आर्थिक क्षेत्रहरु मार्फत नयाँ अवसर सिर्जना एवं विस्तार गरी रोजगारी प्रबर्द्धन गरिनेछ ।

३.टीकापुरको पहिचानसँग जोड्न प्रचुर सम्भावना बोकेको स्थानीय उत्पादन केरा, बेतबास लगायनका स्थानीय उत्पादनलाई प्राथमिकतामा राखी सोसँग सम्बन्धित रोजगार सृजनाकालागि आवश्यक सीपमूलक तालिमको संचालन गरी उत्पादित सामाग्रीको बजारीकरणमा विशेष जोड दिईनेछ ।

४. किसानको हित संरक्षण र सम्बर्धन गर्दै उत्पादन र उत्पादकत्व सुधार्ने भू-उपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र व्यवसायिकरण, औद्योगिकरण, विविधीकरण र आधुनिकीकरण गर्ने नीति लिईएको छ ।

५. कृषि क्षेत्रको व्यवसायिकरण मार्फत कृषि उपज दूध, मासु, अण्डा, तरकारीमा नगरपालिकालाई आत्मनिर्भर बनाउँदै लगिने छ ।

६. यस नगरपालिकालाई कार्य क्षेत्र बनाई आर्थिक विकासको क्षेत्रमा क्रियाशिल रहेका गैर सरकारी संघसंस्थाहरुको छुट्टै रोष्टर तयार गरी यस क्षेत्रको आर्थिक विकासका लागि अधिकतम परिचालन गर्ने वातावरण निर्माण गरिनेछ ।

७. आर्थिक विकासको क्षेत्रमा क्रियाशिल रहेका उद्योग बाणिज्य संघ, गैर सरकारी संघसंस्थाहरु सँगको समन्वय र सहकार्यमा विशेष जोड दिदै स्थानीय स्तरमा रोजगारी सृजनाको अवसरहरु बढाउदै लगिनेछ ।

८ यस क्षेत्रमा क्रियाशिल रही आर्थिक विकासको क्षेत्र सम्बन्धी कार्यक्रम संचालन गरी रहेका संघ संस्थाहरुसँगको लागत साझेदारी र समन्वय सहकार्यमा स्थानीय आय आर्जन, रोजगारी सिर्जना, सीपमूलक तथा क्षमता विकास सम्बन्धी विविध कार्यक्रम संचालन गरिनेछ ।

९ यस क्षेत्रमा रहेका कृषि विश्वविद्यालय, प्राविधिक विद्यालय संगको समन्वय सहकार्यमा दक्ष जनशक्ती कृषि क्षेत्रमा परिचालन गरी उत्पादनमा बृद्धि गरिनेछ ।

## कृषि तर्फ:

१० अधिकांस जनसंख्या कृषिमा आश्रित रहेको टीकापुर क्षेत्र उत्पादनका लागि माटो, हावापानी श्रम शक्ति र भुगोल सबै हिसाबले उत्कृष्ट क्षेत्र हो ।
आर्थिक आर्जनको मुख्य श्रोत कृषि उत्पादन भएकाले कृषिलाई प्रमुख प्राथमिकतामा राखिएको छ ।

११ टीकापुरको चिनारीको रुपमा रहेको केरा खेतीलाई प्रोत्साहन एवं प्रर्वधन गरी टीकापुरलाई केराको हव बनाईने कार्यलाई प्रभावकारी बनाउने लक्ष्य लिइएकोछ । टीकापुरको प्रमुख बिसिष्ठिकृत उत्पादनका रुपमा केरा, मकै र उखु खेतीलाई प्राथमिकतामा राखिएकोछ । टीकापुरलाई यि तिन बाली उत्पादनले चिनाउने लक्ष्य लिइएको छ । साथै तरकारी र पुष्पमा टीकापुरलाई आगामी २ बर्ष भित्र आत्मनिर्भर बनाईने लक्ष्य लिइएको छ ।

१२ पुष्प खेतीलाई प्रर्वधन गरी वातावरण समेत सफा राख्न प्लाष्टिक जन्य फुलका सामाग्रिहरुमा पुर्ण बन्देज लगाईनेछ ।

१३ टीकापुरको गौरब टीकापुर पार्कलाई पुष्प उत्पादनको हब बनाईनेछ ।

१४ टीकापुरलाइ गुलाबको शहरका रुपमा चिनाउन सार्वजनिक स्थलमा गुलावका बोटहरु रोपण कार्यलाइ निरन्तरता दिइनेछ ।

१५ किसानलाई नै प्राबिधिक बनाउने र कृषि प्राबिधिकलाई उत्पादनमा सहभागिता गर्ने वातावरण बनाई किसान, प्राबिधिक र नगरपालिकाको समन्वयमा कृषि क्षेत्रमा आमुल परिवर्तन गरिनेछ ।

१६ टीकापुर कृषि र पर्यटनको सम्भावना बोकेको क्षेत्र भएकाले समुदायको सहकार्यमा कृषि पर्यटनलाई प्रोत्साहन एवं प्रवर्दन गरिनेछ ।

१७ व्यावसायिक कृषि प्रणालिको विकास तथा विस्तारमा जोड दिइनेछ ।

१८ रासायनिक विषादि,मलको प्रयोगलाई निरूत्साहित गर्दै अर्गानिक कृषि उत्पादनमा जोड दिइनेछ।

१९ आधुनिक कृषि प्रविधियुक्त कृषि प्रविधिको प्रर्दशन तथा कृषि कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

२० कृषि बालिको उत्पादन एंव उत्पादकत्व बृद्दिमा सहयोग पुग्ने कृषि कार्यक्रम संचालन गरिनेछ।

२१ नविन कृषि कार्यका लागि अनुदान प्रदान गरिनेछ ।

२२ कृषकहरूलाई गुणस्तरिय उन्नत बिउबिजन वितरणमा प्रोत्साहन गरिनेछ ।

२३ निर्यात जन्ने कृषि उपजको उत्पादनमा कृषकहरूको क्षमता अभिवृद्धि गर्ने।

२४ किसान सुचिकरण मार्फत कृषक परिचयपत्र उपलब्ध गराइ जग्गाधनी प्रमाण पुर्जा र कृषक परिचयपत्रको आधारमा मात्र कृषि अनुदान वितरण हुने व्यवस्था गरिनेछ।

२५ कृषि अनुदान तथा वितरण कार्यक्रमको कार्यन्वयनको लागि मापदण्ड तयार गरी उत्पादन र कार्यसम्पादनका आधारमा दिने व्यवस्था गर्दै एकद्वार प्रणाली मार्फत अनुदान प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

२६ संघ, प्रदेश र स्थानिय तहबाट प्रदान हुने सुबिधा किसान परिचय पत्रका आधारमा मल, बिउ, कर्जा तथा अन्य सुविधा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

२७ सिचाई सुविधा बिस्तारको लागि स्यालो ट्यूवेल बोरिङ्ग जडानमा अनुदान प्रदान गरिने व्यवस्था गरिनेछ

२८ कृषि यान्त्रिकिकरणमा जोड दिन किसानलाइ प्रोत्साहन गरिनेछ ।

२९ कृषि पर्यटनलाई प्रोत्साहन गर्न टीकापुरका बिभिन्न स्थानहरुमा होम स्टे तथा फार्मस्टेहरु सञ्चालन गरिनेछ ।

३० मेयर घर दैलो कृषि तथा पशु स्वास्थ्य सेवा कार्यक्रम संचालनमा ल्याइनेछ ।

३१ आधुनिक खेतिमा जोडदिन किसानलाइ प्राविधिक बनाउन विषेश कार्यक्रम संचालन गरिनेछ ।

३२ टीकापुर नगरलाइ गुलावको शहरको रुपमा स्थापित गर्न प्याकेज बनाएर कार्य अघि बढाइनेछ साथै गुलाव खेतिलाइ आयआर्जन तथा पर्यटन पर्यावरणका रुपमा अघि बढाइनेछ ।

नगरसभा सदस्यज्यूहरु,

## पशुपन्छी तर्फ:

३३ दुग्ध संकलन तथा प्रशोधन लगायत पशुपालन तथा कृषि उपजको प्रशोधन उद्योगका लागि कच्चा पदार्थ आपुर्ति, सीपयुक्त जनशक्ति व्यवस्थापन, पूर्वाधार विकास र बजारीकरणका लागि सार्वजनिक, निजी र सहकारी साझेदारी र सहकार्य बढाइने छ।

३४ पशु सेवा शाखा/उपशाखालाई सेवा विस्तारका लागी अति आवश्यक एक वडा एक प्राविधिकको व्यवस्था गरिने नीती लिईने छ।

३५ स्थानिय अनुत्पादित पशुहरु हटाई उत्पादनशिल उन्नत पशुपालनमा जोड दिइने छ।

३६ विगत आ.व. मा संचालित रहेका (बंगुर,बाख्रा, ग्रामिण कुखुरा र भैसी) को क्षेत्र पकेट प्याकेजलाइ निरन्तरता दिइनेछ। साथै सामुदायिक पशु चौपायाहरुको उचित व्यवस्थापन कार्यलाइ निरन्तरता दिइनेछ।

३७ अनुत्पादन पशुहरुलाई बन्ध्याकरण सम्वन्धि कार्यक्रम संचालन गरिने छ।

३८ कृत्रिम गर्भाधानका लागी कार्यक्रम बिस्तार गरिने छ।

३९ संक्रामक माहामारी रोग नियन्त्रणका लागी खोप कार्यहरु संचालन गरिने छ।

४० रोगको अन्वेषणमा सर्भिलेन्स, आउट ब्रेक, नियन्त्रण, इपिडिमियोलोजिक कार्यक्रम संचालनका साथै प्रयोगशाला प्रविधिलाई व्यवस्थित गरी सेवा संचालन गरिनेछ।

४१ पशु स्वास्थ्यमा पहुच नपुगेका वडा/गाउँ/टोलहरुमा पशु स्वास्थ्य शिविर र वाझोपन शिविर संचालनको निती लिइएकोछ।

## उद्योग व्यवसाय प्रबर्द्धन तथा सीप तथा रोजगारी तर्फ :

४२ नगरपालिकामा कृषि, उद्योग, पर्यटन, पुर्वाधार लगायतका क्षेत्रको आवस्यकताका आधारमा दक्ष जनशक्ति उत्पादनका लागि व्यावसायिक र प्राविधिक शिक्षालयबाट आपसी समन्वय र सहकार्यमा तालिम संचालन गर्ने व्यवस्था मिलाईनेछ।

४३ बेरोजगारको पहिचान र सुचिकृत गरी सार्वजनिक क्षेत्र विकास निर्माण कार्यक्रम तथा आयोजनामा श्रमिकको माग बमोजिम सीप विकास तालिममा जोड दिइनेछ। सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रसँग समन्वय र सहकार्य गरी रोजगारीका अवसर सृजना गरिनेछ।

४४ वित्तीय साक्षरताको पहुँचमा अभिबृद्धि गरिनुका साथै वैदेशिक रोजगारबाट फर्केका वा विप्रेषणबाट प्राप्त हुने रकमलाई उत्पादनशील तथा रोजगारीमुलक कार्यक्रममा लगानी गर्न प्रोत्साहित गरिनेछ।

४५ विपन्न महिला, सीमान्तकृत, गरिव समुदाय, अपांग, भूमिहीन तथा पिछडिएको समुदायहरुका लागि स्वरोजगारमूलक तथा व्यवसायिक सीप सम्बन्धी तालिम संचालनको प्रबन्ध मिलाईनेछ।

४६ परम्परागत सीप प्रबर्द्धनका लागि वडा स्तर तथा नगर स्तरमा विशेष कार्यक्रम संचालन गरिने छ स्थानीय उत्पादित सामाग्रीको बजारीकरणका लागि आवश्यक प्रबन्ध मिलाईनेछ।

४७ लघु उद्यमको विकास र प्रवर्द्धनको लागि "लघु उद्यम विकास (मेड्पा) मोडेल" कार्यक्रमलाई निरन्तरता दिईनेछ।

४८ घरेलु तथा साना उद्योगलाइ प्रर्वध्दन गर्न साझेदारीमा उपकरण खरिदमा अनुदान दिइनेछ

## पर्यटन तर्फ :

४९ पर्यटनमा टेवा पुग्ने गरी नगरपालिका भित्र रहेका धार्मिक, सांस्कृतिक एवं पर्यटकीय क्षेत्रहरुको पहिचान सहित योजनावद्ध रुपमा विकास, संरक्षण र प्रबर्द्धनमा जोड दिइनेछ ।

५० पर्यटनमा टेवा पुऱ्याउन नगर क्षेत्रभित्रका पर्यटकीय दृष्टिले महत्वपूर्ण तथा पर्यटकले उपयोग गर्ने क्षेत्रहरूलाई सुचिकृत गरी त्यस्ता क्षेत्रको प्रचार प्रसार, सार्वजनिक शौचालय, फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षणमा विशेष जोड दिई आकर्षक पर्यटन गन्तब्यका रुपमा विकास गरिनेछ ।

५१ प्रमुख पर्यटकीय स्थल सम्म सडकको पहुँच तथा व्यवस्थित पूर्वाधारयुक्त बनाउन संघ तथा प्रदेश सरकारसँग आवश्यक सहकार्य र समवन्य गरिनेछ ।

५२ बेतबाँसका लागि प्रख्यात सत्ती कर्णाली सामुदायिक वनलाई नमूना सामुदायिक वनका रुपमा स्थापित गरी पर्यटकहरू आकर्षण गरिनेछ साथै सामुदायिक बनहरूमा बोटानिक गार्डेन निर्माण गरिनेछ ।

५३ टीकापुरलाई कृषि पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न केराखेती लगायत विभिष्टकृत कृषि अभ्यासको पहिचान र प्रवर्द्धन गरिने छ ।

५४ नेपालको एकमात्र डल्फिन पाईने यस नगरपालिकालाई डल्फिन संरक्षण नगरको रुपमा स्थापित गर्न आवश्यक प्रचार प्रसार गरिनेछ भने डल्फिन पाईने क्षेत्र सम्मको सहज पहुँच र प्रवद्धनकालागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।

५५ टीकापुर बजारक्षेत्र भएर बग्ने बनगाउ कुलो, जमरा बेल्ट, रानी कुलो र ज्ञानी कुलोको बेल्टलाइ कोरिडोरको रुपमा संचालन ल्याइ शौन्दर्यकरण गरी संचालन गर्न आवश्यक कार्यको थालनी गरिनेछ ।

५६ संघ प्रदेश तथा नगरपालिकाको लागत साझेदारीमा टिकापुर विमानस्यलको क्षेत्र विस्तार तथा धावन मार्ग कालोपत्रे निर्माण गरि नियमित उडानको लागि आवश्यक पहल गरिनेछ ।

५७ टीकापुर नगरलाई ब्यवस्थित गरी पर्यटकहरुको आकर्षण बढाउन ईलाका प्रहरी कार्यालय देखि सुधारकेन्द्र सम्मको रोडलाई फुड स्टिट बनाई कार्यन्वयनमा ल्याईनेछ साथै स्थानीय कलाकारहरुको कला, प्रतिभालाई प्रोत्साहन गर्न छुट्टै मन्चको व्यवस्थापन गरी संचालनमा ल्याईनेछ ।

५८ टीकापुरलाई गुलावको सहर बनाउने योजना अन्तर्गत नगरलाई गुलावको शहरको रुपमा स्थापित गर्न २०८२ माघ २५ गते देखि फागुन २ गते सम्म सप्ताहब्यापि गुलाब महोत्सवको आयोजना गरिनेछ ।

५९ टीकापुर पार्क भित्र पर्यटन प्रर्वद्धन गर्न रेस्टुरेन्ट तथा संग्रालय निर्माण गरी संचालनमा ल्याइनेछ ।

६० टीकापुर नगर क्षेत्र भित्र रहेका झरन तथा नालाहरुको सरसफाइ कार्य गरिनेछ ।

६१ टीकापुर नगरपालिका क्षेत्र भएर बग्ने कर्णाली नदीको वेल्टलाइ धार्मिक पर्यटन क्षेत्रका रुपमा अगाडी बढाइने छ साथै कर्णाली नदीको बेल्टलाइ कर्णाली विश्वनाथ धामको रुपमा संचालनमा ल्याइनेछ ।

६२ थारु समुदायले परापूर्वकाल देखि मान्दै आएको मरुवा (देवथान) संरक्षाण गरिनेछ ।

६३ नगर क्षेत्रमा रहेका मठ मन्दिरलाइ धार्मीक पर्यटन कोरीडोरको रुपमा प्रर्वद्धन गरिनेछ ।

६४ रैथाने ज्ञान तथा संस्कृतिलाइ प्रर्वदन गरिनेछ ।
६५ टीकापुर पार्कको समग्र विकासलाइ प्राथमिकतामा राखेर बजेट विनियोजन गरिनेछ ।

## सहकारी तर्फ :

६६ सहकारी संस्थाहरुको एकीकृत तथ्याकं ब्यवस्थापनमा विशेष जोड दिईनेछ साथै सहकारी संस्थाहरुको तथ्याकं तथा विवरणहरु ब्यवस्थित एवं अद्यावधिक गरी सहकारी संस्थाहरुलाई थप जिम्मेवार बनाईनेछ ।

६७ सहकारी संस्थाहरुले सहकारी तथा गरिबी सम्बन्धी ब्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी रुपमा प्रयोग गर्न सक्ने बनाउन सहकारी संस्थाहरुको क्षमता अभिबृद्धि गरिनेछ ।

६८ स्थानीय क्षेत्रमा गठन भएका सहकारी संस्थाहरूको समयसापेक्ष रुपमा संस्थागत क्षमता विकास गर्नुको साथै सहकारी संस्थामा आवद्द पदाधिकारी र कर्मचारीहरुको क्षमता विकासमा विशेष जोड दिईने छ ।

६९ स्थानीय विकासमा सहकारीसँगको साझेदारी र सहकार्यमा जोड दिइनेछ भने स्थानीय उत्पादन तथा कृषिजन्य र दुग्धजन्य उत्पादनको बजारीकरण गर्न आवश्यक ब्यवस्था मिलाईने छ ।

७० संघ तथा प्रदेश सरकारका साथै सहकारी संघ /महासंघ सँगको समन्वय र सहकार्यमा सहकारी संस्थाको अनुगमन तथा नियमन कार्यलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

७१ निर्दिष्ट मापदण्ड बमोजिम न्यूनतम शर्तहरु पुरा गर्न नसक्ने सहकारी संस्थाहरुलाई एकीकरण गर्न प्रोत्साहित गरिनेछ साथै ब्यवस्थित तवरले संचालित भई रहेका सहकारी संस्थाहरुलाई प्रोत्साहनका साथै प्रवर्द्धन गर्दै लगिनेछ ।

नगरसभा सदस्यज्यूहरु,

## श्रम रोजगार तथा गरिबी निवारण तर्फः

७२ रोजगार सेवा केन्द्रवाट एकिकृत श्रम तथा रोजगार सेवा प्रदान गरिनेछ ।
७३ "प्रधानमन्त्री रोजगार कार्यक्रम" संग लागत साझेदारी गरी अन्य आवश्यक आयोजना तथा कार्यक्रमहरु संचालन गरिनेछ।
७४ स्थानीय स्तरमा रोजगारी प्रवर्धनका लागि सार्वजनिक निर्माणका कार्यहरुमा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोग गरिनेछ।
७५ श्रमिकहरुको लगत संकलन र सुचिकरण तथा परिचयपत्र वितरण कार्य अगाडी बढाइनेछ साथै सुचिकृत श्रमिकहरुको दुर्घटना बिमा गरिने व्यवस्था मिलाइनेछ ।
७६ रोजगारी सिर्जनाका लागि अन्तरक्षेत्रगत तथा अन्तर तहगत समन्वय गरिनेछ ।
७७ सीपमूलक तालिम मार्फत बजारको माग अनुरुपको श्रमशक्ति विकास र आपूर्ति गरिनेछ ।
७८ बैदेशीक रोजगारीमा रहेका घरपरिवारका सदस्यहरुलाइ वित्तीय साक्षरता कक्षा संचालन र मनोसामाजिक परामर्श सेवालाइ निरन्तरता दिइनेछ ।

७९ रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई पालिकास्तर बाट सिर्जना हुन सक्ने रोजगारीका अवसरमा पहिलो प्राथमिकता दिने कार्यमा जोड दिइनेछ ।

८० व्यक्तिगत श्रम स्वीकृत तथा पुन:श्रम स्वीकृतिका लागि सेवाग्राहीलाई सहजैरुपमा सेवा लिन सक्ने वातावरणको विकाश गरिनेछ ।

## उपभोक्ता हित संरक्षण तर्फ :

८१ उपभोक्ताको हित संरक्षण र बजार प्रवर्द्धनका लागि संघ, प्रदेश र स्थानीय तहका निकायका सरोकारवालाहरू बीच समन्वय र सहकार्यमा जोड दिईने छ।

८२ बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षणका लागि प्रभावकारी गुनासो सुनुवाईको व्यवस्था सहित उपभोक्ता शिक्षा र नियमन सम्बन्धी भूमिकालाई थप शसक्त रुपमा कार्यान्वयन गर्दै लगिने छ।

## ख. सामाजिक विकास

### शिक्षा, युवा तथा खेलकुद

८३ नेपालको संविधान बमोजिम अनिवार्य आधारभुत शिक्षा कार्यान्वियनको लागि बालबालिकाहरुलाई विद्यालयमा **"सिकाऔं, सिकाऔं र टीकाऔं"** भन्ने आदर्श बाक्यको अनुसरण गर्दै चार वर्ष उमेर समुहका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्न **"सघन विद्यार्थी भर्ना अभियान"** सञ्चालन गरिनेछ।

८४ **"सहकार्य, समन्वय र सहअस्तित्व"** अन्तर्गत रहेको संघ, प्रदेश र स्थानीय तहको सम्बन्धलाई बलियो बनाउन संघिय सरकारद्वारा ल्याईएको बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरु न्युनतम सेवा सुविधा सम्बन्धि नीतिलाई निरन्तरता गरिनेछ।

८५ **"नि:शुल्क आधारभुत शिक्षाको संवैधानीक व्यवस्थालाई सुनिश्चितता प्रदान गर्न"** सम्पुर्ण सामुदायिक विद्यालयहरुलाई विद्यालय सञ्चालन तथा नीजि शिक्षक र विद्यालय कर्मचारी व्यवस्थापन अनुदानलाई निरन्तरता प्रदान गर्दै उक्त अनुदान रकममा वृद्धि गरिनेछ।

८६ **"सहकार्य, समन्वय र सहअस्तित्व"** अन्तर्गत रहेको संघ, प्रदेश र स्थानीय तहको सम्बन्धलाई बलियो बनाउन संघिय सरकारद्वारा ल्याईएको बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरु न्युनतम सेवा सुविधा सम्बन्धि नीतिलाई निरन्तरता गरिनेछ।

८७ बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक र बौधिक विकास सहित उनिहरुमा रहेका अन्तरनिहित प्रतिभाहरु प्रस्फुटन गर्न, अनुशासन तथा सामाजिकिकरणको विकास गर्न अन्तर विद्यालय स्तरिय सहक्रियाकलाप र खेलकुद कार्यक्रम, शैक्षिक मेला, विज्ञान तथा कला प्रदर्शनी स्काउट तथा योग सम्बन्धि विविध क्रियाकलापहरु सञ्चालन गरिनेछन र साप्ताहिक रुपमा विद्यालयहरुलाई पनि यस्ता क्रियाकलापहरु गर्न प्रोत्साहन गरिनेछ।

८८ परीक्षाको विश्वसनियता, वैधता, वस्तुनिष्ठता र स्तरीयता जस्ता आधारभुत मान्यताहरुलाई कायम राखि कक्षा कक्षा ८ तथा अन्य कक्षाहरुको नगरस्तरिय परीक्षा सञ्चालन गरि मुल्याङ्कन प्रणालीलाई वैज्ञानिक र प्रभावकारी बनाइनेछ।

८९ सामुदायीक विद्यालयहरुमा ३ देखि ४ वर्षका बाल बालिकालाई शिशु कक्षा र ४ देखी ५ वर्षका बालबालिकालाई प्रारम्भिक बालविकास कक्षाको माध्यमबाट बालविकास केन्द्रहरुको सबलीकरण गरिनेछ।

९० **"विद्यार्थीको सिकाईमा सुधार: योजनाबद्ध शिक्षण प्रमुख आधार"** लाई केन्द्रबिन्दुमा राखि शिक्षकहरुको लागि दैनिक शिक्षण योजना निर्माण सम्बन्धी क्षमता विकास तालिम प्रदान गरि टीचर डायरीको समेत व्यवस्थापन गरिनेछ।

१०६ पोषण क्षेत्रमा समग्र सुधारका लागी स्वास्थ्य, कृषि, पशुपंक्षी, खानेपानी तथा सरसफाइ, महिला बालबालिका र शिक्षाक्षेत्रलाइ समेटेर बहुक्षेत्रिय पोषण योजना कार्यक्रमलाई समन्वय गरि संचालन गरिनेछ। पोषण मैत्री स्थानिय शासन अभियानलाई विस्तार गरिनेछ।

१०७ किशोर किशोरी मैत्री स्वास्थ्य सेवा मार्फत लागु औषध दुर्व्यसनको रोकथाम तथा नियन्त्रण, मानसिक चिन्ता तथा मनोरोगको नियन्त्रण, आत्महत्या रोकथाम लगायतका मानसिक स्वास्थ्य प्रर्वधनात्मक क्रियाकलापहरुलाई प्राथमिकताका साथ समुदायस्तरमा संचालन गरिनेछ।

१०८ नसर्ने रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि आगामी फाल्गुन महिनामा अभियान संचालन गरिनेछ साथै मानसिक रोग रोकथामका लागि व्यक्तिको खानपिन, आनीबानी र व्यवहारमा सुधार गर्न शारिरीक व्यायाम, योग र ध्यान जस्ता क्रियाकलापलाई दैनिक जीवनचर्चाको रुपमा विकास गरी कार्यक्रम कार्यान्वयन गरिनेछ।

१०९ सिकलसेल एनिमिया रोगको पहिचान भएका घरपरिवारको निःशुल्क स्वास्थ्य बीमा गरिनेछ।

११० पाठेघरको मुखको क्यान्सर रोकथामका लागि निःशुल्क स्क्रिनिङ्ग कार्यक्रम संचालन गरिनेछ।

१११ मानसिक स्वास्थ्य सेवालाई थप स्वास्थ्य संस्थाहरुबाट विस्तारित सेवा संचालन गरिनेछ। समुदायस्तरमा मानसिक स्वास्थ्य सेवा प्रदान गरिनेछ।

११२ उमेर हदको आधारमा अवकाश हुने महिला स्वास्थ्य स्वंयसेवकहरुलाई सम्मानजनक विदाईलाई निरन्तरता दिईनेछ।

११३ शहरी स्वास्थ्य प्रवर्द्धन तथा सिकलसेल केन्द्रबाट नगरवासीहरुलाई आधारभुत स्वास्थ्य सेवा, फार्मेसी सेवा, जनस्वास्थ्यका प्रवर्द्धनात्मक कार्यक्रम ,सिकलसेल एनेमियाको प्राथमिक रुपमा पहिचान, परिक्षण, परामर्श, उपचार ,औषधी र प्रेषण सहितको एकिकृत स्वास्थ्य सेवा संचालन गरिने छ।

११४ क्षयरोग मुक्त पालिका घोषणा अभियान कार्यक्रम निरन्तर संचालन गरिनेछ।

११५ टीकापुर अस्पताल मार्फत विशेषज्ञ सेवालाई निरन्तरता दिईनेछ।

११६ शहिद, र बेपत्ता परिवारका सदस्यहरु तथा घाईतेलाई निःशुल्क स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

११७ खकौला नाका हेल्थ डेस्क मार्फत जनस्वास्थ्य निगरानी बढाईनेछ।

११८ ग्रामिण अल्ट्रासाउड कार्यक्रमलाई निरन्तरता दिईनेछ।

११९ बालबालिकाहरुको पुर्ण खोपको सुनिश्चितता गरिनेछ साथै खोपबाट बचाउन सकिने रोगहरुको सर्भिलेन्स निरन्तर गरिनेछ।

१२० दिर्घ रोगीहरुलाई संघिय सरकारको समन्वयमा उपचारमा सहुलयित खर्च दिईनेछ।

१२१ नीजि स्वास्थ्य संस्थाहरुको दर्ता नविकरण र सेवा स्तरको नियमितताका लागी तोकिएको मापदण्ड अनुरुप भएर नभएको सुनिश्चितताको लागी अनुगमन प्रकृयालाइ प्रभावकारी रुपले सञ्चालन गरिनेछ।

१२२ आमाको दुधको प्रतिस्थापन गर्ने वस्तुहरुको विक्रि वितरणमा नियमन गरिनेछ।

१२३ जलवायु परिवर्तनका कारण जनस्वास्थ्यमा परेको प्रभावलाई न्युनिकरण गर्ने खालका गतिविधि संचालन गरिनेछ।

१२४ क्षयरोग, कुष्ठरोग, औलो, कालाजार, डेंगु, जापानिज इन्सेफलाइटीस जस्ता सर्ने रोगहरुको रोकथाम, पहिचान र उपचारलाइ प्रभावकारी रुपमा सञ्चालन गर्दै लगिनेछ।

१२५ नागरिकहरुलाइ सस्तो र सुलभदरमा औषधि उपलब्धताको लागी पालिकास्तरीय फार्मेसी सञ्चालन गरिनेछ।

१२६ "स्वास्थ्यमा साझेदारी सेवा कार्यक्रम" संचालन गरी विभिन्न संघ संस्थाद्धारा जनस्वास्थ्य प्रवद्र्धन कार्यक्रममा साझेदारी मार्फत संचालन गरिनेछ।

१२७ सफा र सुरक्षित खानेपानीको पहुच क्रमशः सबै घरधुरीमा गरिनेछ साथै पानीको माध्यमबाट सर्ने रोगहरुको नियन्त्रण गर्न जोखिम वडाहरुको पानीको परीक्षण बर्षमा २ पटक गर्ने व्यवस्था गरिनेछ।

१२८ टीकापुर नगरपालिकाको नेतृत्वमा खानेपानी, सरसफाई तथा स्वच्छता योजना (WASH Plan) तयार गरी कार्यान्वयन गरिनेछ।

१२९ प्रत्येक घरमा सेप्टिक ट्यांक सहितको शौचालयमा बनाउन बिशेष जोड दिइनेछ।

१३० खानेपानी,सरसफाई तथा स्वच्छता सम्बन्धि सरोकारवालाहरुलाई जनचेतना जगाउने कार्य गरिनेछ।

१३१ अत्यावश्यक आयुर्वेद औषधी तथा अन्य सेवा जनतालाइ निःशुल्क गरिनेछ।

१३२ स्थानीय जनतालाइ औषधी जन्य जडिबुटीहरुको बारेमा सचेतना मुलक कार्यक्रम संचालन गरिनेछ।

१३३ नगर प्रमुख घरदैलो स्वास्थ्य सेवा कार्यक्रम मार्फत जनताको घर घरमा नै स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।

१३४ हरेक वडामा स्तनपान कक्ष संचालन गरिनेछ साथै आवश्यकता अनुसार निःशुल्क प्याड बितरण गरिनेछ।

सामाजिक सुरक्षा र संरक्षण (महिला, बालबालिका, अपाङ्ग तथा ज्येष्ठ नागरिक)

१३५ महिला, बालबालिका, अपांगता भएका व्यक्तिहरु ,लैगिंक तथा यौनिक अल्पसंख्यक, ज्येष्ठ नागरिक, असाहाय, उत्पीडित र सिमान्तकृत समुदायको संरक्षण, उत्थान र हितको लागी योजना तथा कार्यक्रमहरु संञ्चालनमा विशेष जोड दिइनेछ।

१३६ स्थानीय तहमा संञ्चालन गरिने भौतिक, सामाजिक, आर्थिक, शैक्षिक तथा सबै विकासका गतिविधीहरु संञ्चालन गर्दा सबैको पहुँचमैत्री अवधारणा लागु गरिनेछ। बालश्रमीक, हिंसापिडीत, अभिभावक विहिन तथा एकल अभिभावक भएका आर्थीक रुपले कमजोर बालबालिकाहरुको लागी विशेष संरक्षणका लागी बालकोष परिचालन संगै बालमैत्री मानवताको नगर बनाउने लक्ष्यका साथ अभियान र कार्यक्रम संञ्चालन गरिनेछ।

१३७ जेष्ठ नागरिकहरुको लागी सम्मान गर्दै उनीहरुको दैनिक जीवनयापन सहज तथा एक्लोपना कम गर्नेको दिवासेवा केन्द्र संञ्चालनको कार्यक्रमलाई निरन्तर दिदै दिवा सेवा केन्द सम्बन्धि कार्यक्रमलाई थप विस्तारमा पनि जोड दिइनेछ।

१३८ लैगिंकतामा आधारित हुने सबै किसिमका हिंसा न्यूनिकरणको लागी बालक्लव, टोलविकास संस्था, महिला समुह, समितीको क्षमता विकास गर्ने हिंसापिडितहरुको लागी सुरक्षित आवास गृह तथा राहातकोषको व्यवस्था साथै मागमा आधारित जिविकोपार्जनका कार्यक्रमहरुमा जोड दिइनेछ।

१३९ मुक्त कमैया, हलीया, कम्लहरी, भुमिहिन, विपन्न दलित, विपन्न जनजाति तथा मज्दुरहरुको सुचिकरण गरि आयआर्जन मुलक संचालन गरिनेछ।

१४० अनाथ तथा विपन्न विद्यार्थीलाइ छात्रवासको व्यवस्थापन कार्यलाइ निरन्तरता दिइनेछ।

१४१ ग र घ वर्गका अपांगता भएका व्याक्तिलाइ स्वास्थ्य विमा कार्यक्रममा आवद्ध गरिनेछ।

## सामाजिक सुरक्षा तथा पञ्जीकरण तर्फः

१४२ राज्यले सबैभन्दा बढी लगानी गरेको सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम र व्यक्तिगत घटनादर्तालाई निश्पक्ष, व्यवस्थित र प्रविधिमैत्री बनाई प्रभावकारी बनाउन राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण सुदृढिकरण आयोजना निरन्तरता दिइनेछ।

१४३ सामाजिक सुरक्षा भत्ता ई.एफ.टि.मार्फत बैंकिङ्ग प्रणालीद्वारा वितरण हुँदै आएकोमा यसलाई शतप्रतिशत प्रभावकारी बनाउन चालु आ.व.मा. राष्ट्रिय परिचयपत्रलाई सामाजिक सुरक्षा भत्तामा अनिवार्य लागु गरी बायोमेट्रिक प्रविधिबाट सामाजिक सुरक्षा भत्ता नविकरण गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

१४४ स्वैच्छिक रुपमा सामाजिक सुरक्षा भत्ता लिन नचाहने नागरिकहरुलाई सम्मान गरिनेछ।

१४५ नगरबासीहरुलाई जन्म, मृत्यु, विवाह, बसाईसराई तथा सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनादर्ता ३५ दिन भित्र गर्न प्रोत्साहन गर्दै व्यक्तिगत घटनादर्ता तथा सामाजिक सुरक्षा भत्तासम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

१४६ प्रत्येक वडामा सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटनादर्तासम्बन्धी सेवाग्राहीहरुबाट आएका गुनासो दर्ता गरी फर्छ्यौट गर्ने व्यवस्था गरिनेछ।

१४७ टीकापुर नगरपालिका अन्तरगतका अस्थायी तथा करार कर्मचारीलाइ सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ।

१४८ राजी माझि अल्पसंख्यक तथा लोपउन्मुख जातिहरुलाइ मागको आधारमा विभिन्न कार्यक्रम संचालन गरिनेछ।

१४९ दलित सामुदायलाइ परमपरागत शिप औद्योगिकरण रैथाने कला संस्कृतीको प्रर्वद्धन गरिनेछ।

नगरसभा सदस्यज्यूहरु,

[redacted]

## सडक/पूल तर्फ

१५० नगर क्षेत्र भित्रका सडकहरु लगायत अन्य भौतिक पुर्वाधारका संरचनाहरु नियमित रुपमा मर्मत सम्भार गर्नका लागि,दातृ निकायहरु संग यस नगरपालिका क्षेत्र भित्रका सार्वजनिक पुर्वाधार क्षेत्रका संरचना लगायत सतही ढल निर्माण, व्यवस्थीत ढल निर्माण लगायत नगर गौरवका योजनाहरु व्यवस्थापन समेतका कार्य संचालन गर्नका लागि लागत सहभागिता व्यहोर्न, आधुनिक शवदाहगृह निर्माण, टीकापुर बृहत उद्यानको पुर्वाधार विकास तथा घेरा पर्खाल निर्माण, बाहिरी चकपथ डी.पी.आर.बमोजीम निर्माण तथा ट्रयाक खोल्ने कार्य जस्ता नगर गौरवका आयोजनाहरु, प्रदेश समपुरक अनुदान, संघिय समपुरक अनुदान लगायतका अन्य आवश्यक पुर्वाधार विकास गर्नका लागि आवश्यक बजेट समपुरक कोष तथा लागत साझेदारी कार्यहरुलाई निरन्तरता दिईनेछ।

१५१ वातावरण मैत्री सडकको विकास गरिनेछ साथै सडक सुरक्षा सबल बनाईनेछ ।

१५२ शहर तथा बजार उन्मुख क्षेत्रमा नमूना शाखा सडकको विस्तार गरिनेछ ।

१५३ नगर यातायात गुरुयोजना निर्माण गरिनेछ ।

१५४ शहरी क्षेत्रमा सडक निर्माण गर्दा दाँया बाँया पक्की नाली सहितको कालोपत्रे सडक निर्माण गरिनेछ ।

१५५ नेपाल सरकारले शशर्त अनुदानमा तोकेको शर्त बाहेका पुर्वाधार तर्फका आ.व.२०८२/०८३ मा सम्फौता भई कार्यान्वयन हुने योजनाहरुमा माटो पटानी तथा ग्राभेलिगं जस्ता कार्य गर्दा जनसहभागिताका साथै लागत साझेदारीको अनुपात ८०:२० र अन्य पूर्वाधार तर्फका आयोजनहरुको निर्माण कार्य गर्दा जनसहभागिताका साथै लागत साझेदारी ८५:१५ को अनुपातको नितिलाई निरन्तरता दिईनेछ ।

१५६ यस नगरपालिकाको भू-उपयोग योजनालाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

१५७ नगरपालिका क्षेत्र भित्र चक्रपथ निर्माणलाई प्राथमिकता दिनुका साथै सबै सडकहरुको विस्तार एवं स्तरोन्नती गरिनेछ ।

१५८ सदाबहार सिंचाई नहर तथा कुलो संरक्षणको व्यवस्था गरिनेछ ।

१५९ आयोजना तथा कायकमहरु सञ्चालन गर्दा तोकिएको मापदण्ड बमोजिम तोकिएको समयमा नै योजना सम्पन्न तथा फरफारक गर्ने उपभोक्ता समितिलाई सूचकाङ्कहरु तयार गरी सम्मान गरिनेछ ।

१६० टीकापुर न.पा.क्षेत्र भित्रका सबै साना ठूला पार्कहरुको गुरुयोजना तयार गरि सो अनुसार पूर्वाधार निर्माण कार्यको शुरुवात गरिनेछ ।

१६१ एकिकृत शहरी विकास योजना (IUDP) लागू गर्नको लागि संघिय सरकार समक्ष पहल गरिनेछ ।

१६२ वडा नं.७ को डल्फीन क्षेत्र लगायत बेतबास उत्पादनको गुरु योजना बनाई सो क्षेत्रको पूर्वाधार विकासमा जोड दिई आय आर्जन लगायत पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ । साथै वडा नं. ६ स्थीत वि.पी. निकुञ्ज, वडा नं.७ को ओजुवा ताल तथा सत्ती कर्णाली सामुदायिक वनको पुर्वाधार निर्माण गरी यसको संरक्षण तथा विकास गरिनेछ ।

१६३ नगरपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गा ,ओपन स्पेस ,खेल मैदान र सडकहरुको अतिक्रमण गर्ने कार्यलाई रोक्न प्रभावकारी योजना बनाई यसको संरक्षण तथा विकासमा जोड दिईनेछ ।

१६४ मुख्य शहरी क्षेत्रलाई सुन्दर र व्यवस्थित गराउनको लागि पार्किङ्ग स्थलको व्यवस्था गरी ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ ।

१६५ टीकापुर नगरलाई स्मार्ट सिटी बनाउने लक्ष्यका साथ सोको लागि आवश्यक पर्ने कार्यक्रमहरु तयार गरी क्रमश : कार्यन्वयन गर्दै लगिनेछ ।

१६६ यस नगरपालिका क्षेत्र भित्र रहेका सिटी बसपार्कहरुको न.पा.को आफनै स्रोत तथा दातृ निकायको खोजी गरी उचीत व्यवस्थापन, संरक्षण तथा विकास गरिनेछ ।

१६७ क्रमागत योजनाहरुलाई पहिलो प्राथमिकता दिदै एक वडा एक कालोपत्रे सडक कार्यक्रम संचालन गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

१६८ भुमिहिन सुकुमवासी, दलित सुकुमवासी तथा अव्यवस्थित बसोवासीहरुको समस्या भुमि आयोग मार्फत अगाडी बढाईनेछ ।

१६९ बर्दिया जोडने दौलतपुरघाट कर्णाली नदीमा पक्की पुल निर्माण र सनकट्टी घाट र दौलतपुर घाट जोडने सडक कालोपत्रे गर्न संघिय सरकार अन्य दातृ निकाय समक्ष पहल गरिनेछ ।

१७० बाढी पीडीत क्षेत्रहरुमा उच्च घर बनाउने साथै अन्न भण्डारण भवन निर्माण गर्न पहल गरिनेछ ।

१७१ घरनक्सा ई-पासको थालनी गरिनेछ ।

१७२ जलवायु अनुकुलन भवनको विकास गरिनेछ ।

१७३ छिमेकी पालिका तथा अन्य कुनै नगरसंग भगिनी सम्बन्ध स्थापना गरिनेछ ।

१७४ बैकल्पिकि उर्जाको विकासमा जोड दिईनेछ साथै उर्जाको बहुउपयोग गरिनेछ ।

१७५ नगर र वार्ड सिमा GIS आधारमा अध्यावधिक गरिनेछ ।

१७६ भू-उपयोग निति तथा ऐनको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१७७ पूर्वाधार अभिलेख बैंक तथा ल्याबको स्थापना गरिनेछ ।

१७८ टीकापुर स्ट्रोम वाटर ड्रेनेजको दोस्रो चरण कार्यन्वयनका लागि नेपाल सरकारको सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

१७९ टीकापुर स्मार्ट सिटीको कार्यक्रमको कार्यन्वयनको लागि नेपाल सरकारको सम्बन्धीत निकायमा आवशयक पहल गरिनेछ ।

१८० वातावरण मैत्रि, जलबायु अनुकुलन, प्रकृति सुहाउदो लगायत महिला, बालवालिका तथा अपागं मैत्रि पूर्वाधार संरचना निर्माणमा जोड दिईनेछ ।

१८१ एक वडा एक गौरवको सडक कालोपत्रे निर्माण आयोजनालाई आगामी बर्षमा समेत निरन्तरता दिईनेछ ।

१८२ लागत साझेदारीको कार्यक्रमलाई प्राथमितकतामा राखी अगाडी बढाईनेछ ।

१८३ बडघर निर्माणको कार्यलाई निरन्तरता दिईनेछ ।

१८४ विद्युतिय नगर बस संचालन गर्ने कार्यको लागि आवश्यक पहल गरिनेछ ।

**घर नक्सा पास तर्फ :**

१८५ नगरपालिकामा सरकारी, गैरसरकारी तथा निजी घर, भवन निर्माण गर्ने निर्माण व्यवसायीलाई निर्माण व्यवसायी समिति संगको सहकार्यमा भवन निर्माण सम्बन्धी तालिम प्रदान गर्ने व्यवस्था गरिनेछ ।

१८६ नगरपालिका क्षेत्र भित्र भवन निर्माण गर्ने निर्माण व्यावसायी नगरपालिकामा सूचिकृत भएको र नगरपालिका वा नेपाल सरकारबाट मान्यताप्राप्त संस्थाबाट वस्ति विकास तथा शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड-२०७२ जारि भै सकेपछि नयाँ मापदण्ड बमोजिम तालिम प्राप्त व्याक्ति वा संस्थालाई मात्र स्वीकृती दिईनेछ साथै घर नक्सापास प्रकियालाई ई-परमिट सेवामा लगिनेछ ।

१८७ भवन निर्माण स्विकृति दिदा **"एक घर तिन विरुवा"** को नीति अवलम्वन गरिनेछ साथै त्यस्ता भवनलाई निर्माण सम्पन्न प्रमाण पत्र दिंदा सो व्यवस्थालाई अनिवार्य गरिनेछ ।

१८८ वन क्षेत्रमा सामुदायिक वन लगायत वन व्यवस्थापन पद्धतिमा लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीतिलाई बिशेष प्राथमिकतामा राखी संस्थागत गरी यसबाट प्राप्त लाभको न्यायोचित वितरण गरिनेछ ।

१८९ जलाधार संरक्षण र सम्बर्धन गर्न सार्वजनिक र निजी जग्गामा जल पुनर्भरणका बिशेष कार्यक्रम संचालन गरिनेछ ।

१९० संस्थागत साझेदारी मार्फत विपद् व्यवस्थापन कोष तथा सामग्रीको थप अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिईनेछ साथै बिपदबाट क्षती भएमा राहत प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१९१ विपदको समयमा अपाङ्गता, जेष्ठ नागरिक, बालबालिका, गर्भवती र बिरामीहरुको सेवाको लागि बिशेष प्रबन्ध गरिनेछ ।

१९२ विपद जोखिम न्यूनीकरण, जलवायु अनुकुलन, वातावरण संरक्षण तथा जलाधार संरक्षणसंग सम्बन्धित कार्यहरुलाई एकीकृत ढंगले अगाडी बढाउन नीतिगत, सस्थागत र प्रक्रियागत सुधार गरिनेछ ।

१९३ वृक्षारोपण र पोखरी संरक्षण गतिविधिहरुमा सक्रिय सहभागितालाई प्रोत्साहन गरिनेछ ।

१९४ नेपालको लोपोन्मुख जातीमा पर्ने डल्फिन लगायत जलचर संरक्षण गरिने साथै सो को प्रचार प्रसारका लागि आवश्यक अभियान संचालन गरिनेछ ।

१९५ स्थानीय आपतकालिन कार्य संचालन केन्द्रलाई थप सबलीकरण गरि अन्तरपालिका सिकाई आदान प्रदान कार्यक्रम संचालन गरिनेछ ।

१९६ विपद् व्यवस्थापन सम्बन्धी तथ्यांक प्रविधिमैत्री बनाउदै मौसम पूर्वानुमानमा आधारित विपद पूर्व कार्यलाई अवलम्बन गरी गतिविधिहरु संचालन कार्यलाई निरन्तरता दिइनेछ ।

१९७ विपद तथा जलवायु सम्बन्धि सचेतना, सक्षमता, सबलतामा जोड दिने कार्यक्रमलाई निरन्तता दिईनेछ साथै विपद् व्यवस्थापन सम्बन्धी नमुना आपतकालिन अभ्यास संचालन गरिनेछ ।

१९८ बिपद तथा जलवायुजन्य जोखिमलाई तेस्रो पक्षमा हस्तान्तरण गर्न बालि बिमा कार्यक्रम संचालन गरिनेछ ।

१९९ वडा स्तरीय विपद व्यवस्थापन कार्यदल गठन गरी प्राथमिक उपचार तालिम, खोज तथा उद्दार सम्बन्धि अनुशिक्षण तालिम संचालन गरिनेछ ।

२०० टीकापुर क्षेत्रमा रहेका सार्वजनिक स्थलमा वृक्षा रोपण कार्यलाइ निरन्तरता दिइनेछ ।

२०१ निजी क्षेत्रको साझेदारीमा गुलावका विरुवा उत्पादन तथा बजारीकरणमा जोड दिइनेछ ।

फोहरमैला व्यवस्थापन तर्फ

२०२ फोहोर मैलाको उचित व्यवस्थापन मार्फत स्वच्छ, स्वस्थ, सफा-सुन्दर र समुन्नत समाजको स्थापना गरी नगरको विकासमा जोड दिईनेछ ।

२०३ घरेलु फोहोरमैलाको स्रोतमा वर्गीकरण गरी पुनः प्रयोग र प्रशोधन गर्ने कार्यलाइ प्रोत्साहन गरिनेछ ।

२०४ फोहोरको वर्गीकरण, न्यूनिकरण र निस्कासन सम्बन्धी नागरीक दायित्व बारे सचेतना कार्यलाइ अभियानको रुपमा सञ्चालन गरिनेछ।

२०५ फोहोर व्यवस्थापनको दिगो तथा दिर्घकालिन समस्या समाधान गर्न फोहोर सेग्रिगेसन केन्द्रको स्थापना गरि संचालन गरिनेछ। साथै आगामी आर्थिक वर्षबाट टीकापुर क्षेत्रमा प्लास्टीकका झोलाहरु विक्रीवितरणमा रोक लगाइने छ।

२०६ फोहोरमैला व्यवस्थापनमा घरपरिवार, समुदाय, टोल विकास संस्था र अन्य सरोकारवालाको सहभागिता र सहकार्यलाइ प्रोत्साहन गरिनेछ।

२०७ फोहोरमैला व्यवस्था सम्बन्धी सचेतना अभिवृध्दिका लागि सुचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग गरिनेछ।

२०८ फोहोरमैला व्यवस्थापनमा सार्वजनिक निजी साझेदारीको अवधारणा बमोजिम निजी क्षेत्रलाइ परिचालन गरिनेछ।
भारतवाट भित्रिने प्लास्टिकका फूलमालालाइ निरुत्साहित गरि आयातमा रोक लगाइनेछ।

२०९ आ/२०८२.व.०८३ देखि सरसफाई कार्यको सेवा बिस्तार गरी सरसफाई शुल्क संकलन गरिनेछ।

२१० मानव मलमुत्र प्रशोधन केन्द्रलाइ आगामी आर्थिक वर्ष देखि व्यवस्थित रुपमा संचालनमा ल्याइने छ।

**नगरसभा सदस्यज्यूहरु,**

[redacted]

**मानव संसाधन विकास**

२११ संगठन तथा व्यवस्थापन ढाँचा अनुसार सबै शाखा तथा ईकाइहरुलाई कार्यविवरण दिइनेछ।

२१२ प्रविधिमैत्री मानव संसाधनमा प्राथमिकता दिइनेछ।

२१३ कर्मचारी जनप्रतिनिधि क्षमता विकास तथा असल सम्बन्ध विकास गरिनेछ।

२१४ कार्य सम्पादनका आधारमा राइट मेन राइट प्लेस निति अवलम्बन गरी कार्यविवरण सहित जिम्मेवारी दिइनेछ।

२१५ योजनावद्ध रुपमा सबै कर्मचारीहरुलाई तालिम दिइनेछ।

२१६ जोखिममा रही कामकाज गर्ने कर्मचारीहरुको दुर्घटना विमा कार्यक्रममा समेटिने छ।

**सुरक्षा व्यवस्थापन तर्फ**

२१७ नगर प्रहरी ऐन / कार्यविधि निर्माण गरि नगर प्रहरीको दक्षता बिस्तार गरिनेछ।

२१८ संघीय सुरक्षा निकाय संगको साझेदारीता विकास गरिनेछ।

२१९ नगर प्रहरीको कार्यविवरण स्पष्ट पारिनेछ।

२२० बढ्दो दुर्व्यसन रोक्न विविध जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

## सूचना तथा प्रविधि तर्फ

२२१ नगरपालिकाको सूचना प्रविधि प्रणालीलाई सुदृढ गर्दै, डिजिटल सेवा प्रवाहलाई प्रभावकारी बनाउने कार्य प्राथमिकतामा राखिनेछ ।

२२२ नगर सूचना व्यवस्थापन प्रणाली (MIS) विकास तथा प्रयोगमा ल्याइनेछ, जसले सेवा प्रवाह, जनशक्ति व्यवस्थापन, योजना ट्र्याकिङ, बजेट व्यवस्थापनलाई डिजिटलरूपमा सजिलो बनाउनेछ ।

२२३ वडा कार्यालयहरूमा अनलाइन सेवा प्रवाहका लागि आवश्यक प्राविधिक पूर्वाधार (इन्टरनेट, कम्प्युटर, UPS आदि) को व्यवस्था तथा स्तरोन्नति गरिनेछ ।

२२४ सार्वजनिक सूचना बोर्ड तथा एल इ डी डिस्प्ले बोर्ड मार्फत सूचना पहुँच वृद्धि गरिनेछ ।

२२५ नगरवासीहरूका लागि डिजिटल साक्षरता अभिवृद्धि गर्न तालिम कार्यक्रम सञ्चालन गरिनेछ, विशेष गरी महिला, युवाहरू, वृद्धवृद्धा र विपन्न वर्ग लक्षित हुनेछ ।

२२६ नगरको आधिकारिक वेबसाइटलाई अद्यावधिक गर्दै, मोबाइलमैत्री र बहुभाषिक (नेपाली, अङ्ग्रेजी, थारू आदि) बनाइनेछ ।

२२७ ई-सेवा केन्द्रहरू स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिनेछ, जसबाट कर तिर्ने, सिफारिस लिने, निवेदन दिने जस्ता सेवा अनलाइनबाट सहज हुनेछन् ।

२२८ CCTV निगरानी प्रणालीलाई बिस्तार गर्दै नगर सुरक्षा व्यवस्थामा प्रविधिको प्रयोग गरिनेछ ।

## राजस्व परिचालन, वित्तीय जोखिम तथा आन्तरिक नियन्त्रण तर्फ

२२९ राजस्व प्रशासनलाई सुदृढीकरण गरी आन्तरिक राजस्व संकलन कार्यलाई सहज, समयानुकुल र करदातामैत्री बनाउन विद्युतीय माध्यमबाट राजस्व बुझाउन सक्ने व्यवस्था मिलाइनेछ ।

२३० नगरवासीहरुलाई राजस्व सम्बन्धी विस्तृत जानकारी गराउन विभिन्न सन्देशमुलक सूचनाहरु प्रकाशन/ प्रशारण गर्नुका साथै टोल विकास संस्था, उद्योग वाणिज्य संघ लगायतका सरोकारवाला संघसंस्थासंगको समन्वयमा करदाता सचेतना तथा अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२३१ सबै प्रकारका करदाताहरुलाई करको दायरामा ल्याउन प्रभावकारी अनुगमन गर्नुका साथै नियमित कर तिर्ने करदाताहरुलाई प्रोत्साहन स्वरुप सम्मान गर्ने परिपाटीलाई निरन्तरता दिइनेछ ।

२३२ प्रविधिमैत्री कर प्रशासनका लागि राजस्व प्रशासन सम्बन्धी कार्यमा संलग्न कर्मचारीहरुको क्षमता विकास गर्नुका साथै व्यवसाय कर, बहाल कर जस्ता लगति करहरुको डिजीटल डाटावेस तयार गरिनेछ ।

२३३ करको दायरा फराकिलो पार्दै करदाताको संख्या र आन्तरिक राजस्वमा अभिवृद्धि गर्न राजस्वका दरहरुमा समसामयिक परिवर्तन गर्नुका साथै नियमित रुपमा अनुगमन गरी राजस्व चुहावट नियन्त्रणमा प्रभवकारिता ल्याइनेछ ।

२३४ आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गरी गत विगतको बाँकी बक्यौता राजस्व असुलीमा प्रभावकारिता ल्याउन विशेष ध्यान केन्द्रित गरिनेछ ।

२३५ बैंक तथा वित्तीय संस्थाहरुमा कारोबार गर्ने, धारा, बिजुली जडान गर्ने, मालपोत कार्यालयमा घर जग्गा पास गर्ने आदि कार्यहरु गर्दा नगरपालिकालाई बुझाउनु पर्ने सम्बन्धित कर, दस्तुरहरु चुक्ता गरेको प्रमाण अनिवार्य पेश गराउने व्यवस्थाका लागि सम्बन्धित निकायहरुसँग समन्वय गरिनेछ ।

२३६ व्यवसाय कर असोज मसान्तसम्ममा बुझाएमा पाँच प्रतिशत, सम्पत्ति कर पौष मसान्त सम्ममा बुझाएमा दश प्रतिशत, नक्सापास दस्तुरमा महिला तथा तेस्रो लिङ्गीलाई दश प्रतिशत सहित लक्षित वर्गलाई अन्य कर, दस्तुरमा विभिन्न छुट तथा सुविधा दिने व्यवस्थालाई आगामी आ.व.मा समेत थप विस्तार गरी निरन्तरता दिइनेछ।

## कानुनी शासन तर्फ

२३७ स्थानीय तहको अदालतलाई मेलमिलाप अदालतका रुपमा विकास गरी स्थानीय मुद्दाहरुलाई वार्ता, छलफल, मध्यस्थता, क्षमादान, आपसी समझदारी, सहिष्णुता र सुझबुझपूर्ण तवरले मेलमिलापको समस्या समाधान गर्न जोड दिईनेछ।

२३८ न्यायमा पहुँच पुग्न नसकेका बालबालिका, महिला, जेष्ठ नागरिक, अशक्त अपाङ्ग वर्ग एवं समुदायका मानिसहरुको गुनासो सुनुवाईमा प्राथमिकता दिइनेछ।

२३९ स्थानीय तहको एकल अधिकार अन्तर्गतका विषयमा विभिन्न कानूनहरुको निर्माणमा जोड दिई प्रभाकारी कार्यान्वयन गरिनेछ।

२४० न्यायमा सर्वसाधारणको पहुँच वृद्धि गरिनेछ।

२४१ वडा मेलमिलाप केन्द्रको व्यवस्थापनमा जोड दिइनेछ।

२४२ मेलमिलापकर्ताहरुको क्षमता विकासमा जोड दिइनेछ।

## बजार अनुगमन तर्फ

२४३ बजार अनुगमनलाई थप सशक्त पारिनेछ।

२४४ उपभोक्ता हित संरक्षणका लागि सचेतना अभिवृद्धिमा जोड गरिनेछ।

२४५ बजार माग र आपूर्ति बीच सह-सम्बन्धका आधारमा बजारको व्यवस्थापन गरिनेछ।

२४६ नमुना बजारको विकास गरि स्वच्छ बजार घोषणा गरिनेछ।

## संघ संस्था परिचालन तथा नियमन तर्फ

२४७ टीकापुर नगरपालिका क्षेत्रलाई कार्यक्षेत्र बनाई बिभिन्न कार्यक्रम सञ्चालन गर्दै आईरहेका राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्था तथा निजी क्षेत्रको उचित परिचालन तथा व्यवस्थापनका लागि आवश्यक समन्वय गरिनेछ साथै निश्चित कार्यविधि बनाई नियमन गरिनेछ।

२४८ नगरपालिकाको विकास निर्माण कार्यका साथै सामाजिक रुपान्तरणका क्रियाकलापहरु संचालनमा स्थानीय समुदायको व्यापक सहभागिता सृजना गर्दै टोल विकास सँस्थाहरुको सँस्थागत क्षमता अभिवृद्धि गर्ने कार्यक्रम संचालन गरीनेछ।

२४९ स्थानीय स्रोत साधनहरुको खोजी गरी उचित रुपमा परिचालन गर्न तथा दिगो विकासको लक्ष्य हासिल गर्न निजी क्षेत्रलाई आकर्षित गरी लगानी भित्र्याउने वातावरण निर्माण गरिनेछ।

२५० टीकापुर नगरपालिका क्षेत्रमा संचालनमा रहेका गैर सरकारी संस्थाहरुको कामकारबाहीलाई व्यवस्थित गर्न संघ सँस्थाहरुको एकिकृत अभिलेख तयार गरी प्रोफाईल तयार

गरिनेछ साथै गैर सरकारी संस्थाहरुलाई नगरपालिकाको अभियानहरुमा सहकार्यको वातावरण शिंजना गरिनेछ ।

२५१ स्थानीय सरकार सबलीकरण कार्यक्रम संगको साझेदारीलाई निरन्तरता दिईनेछ ।

<u>सुशासन तर्फ</u>

२५२ नियमित रुपमा सामाजिक परिक्षण, सार्वजनिक सुनुवाईलाई निरन्तरता दिईनेछ ।

२५३ वार्षिक / अर्धवार्षिक समिक्षा कार्यक्रम सञ्चालन गरिने नीति लिईनेछ ।

## भूमी व्यवस्थापन

२५४ आगामी आ.व.मा सवै वडाका भुमिहिन दलित, भुमीहिन सुकुमवासी तथा अव्यवस्थित वसोवासीहरुलाइ जग्गाधनि प्रमाणपुर्जा वितरण गर्ने प्रयोजनका लागी जग्गा नापजाँच कार्यलाई तिव्रता दिईने छ ।

२५५ आगामी आ.व.मा सवै वडाका भुमिहिन दलित, भुमीहिन सुकुमवासी तथा अव्यवस्थित वसोवासीहरुलाइ जग्गाधनि प्रमाणपुर्जा वितरण गर्दै लगिने छ ।

अन्त्यमा प्रस्तुत नीति तथा कार्यक्रमले आम नगरवासीको समस्या, माग र आवश्यकतालाइ सम्बोधन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास लिएको छु । नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, प्रदेश सरकार, राजनैतिक दल, सम्पर्ण जनप्रतिनिधिहरु, सरकारी निकाय, सहकारी क्षेत्र, सामाजिक संघ संस्था, विकास साझेदार, निजि क्षेत्र, समस्त सञ्चार जगत, राष्टसेवक कर्मचारीहरु तथा नागरिक समाज र सम्पूर्ण नगरवासीहरुलाइ हार्दिक धन्यवाद ज्ञापन सहित सकारात्मक सुझाव सल्लाह सहित पारितको लागि अनुरोध गर्दै बिदा हुन्छु ।

धन्यवाद ।